राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
लुम्बिनी प्रदेश कार्यालय Lumbini Province Office
बुटवल, रुपन्देही Butwal, Rupandehi

# मालसामान ढुवानी सेवाको लागि दरभाउपत्र आह्वान सम्बन्धी

सार्वजनिक सूचना नं.: ०८३/८४/०१ मिति: २०८३ भाद्र ५ गते।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(ग), दफा ७, दफा ३२ र सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौं संशोधन सहित) को नियम ९२ बमोजिम "अन्य सेवा" अन्तर्गत ढुवानी सेवाको खरिद गर्नुपर्ने भएकोले यस कार्यालयको मालसामान ढुवानी सेवाको लागि इच्छुक इजाजतपत्रप्राप्त नेपाली नागरिक/फर्म/संस्थाहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**कार्यालयको नाम**: राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवल

**मालसामनको प्रकार**: कार्यालयको फर्निचर, कार्यालय सामग्री, कम्प्युटर, प्रिन्टर, अन्य विद्युतीय उपकरण तथा कार्यालयका सम्पूर्ण मालसामान।

**ढुवानीको स्थान (उठान):** राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही।

**ढुवानीको गन्तव्य:** राप्ती उपत्यका (देउखुरी), दाङ-प्रदेश प्रशासनिक परिसर।

**सेवा अवधि:** सम्झौता भएको मितिबाट ७(सात) कार्यदिन भित्र ढुवानी सम्पन्न गर्नुपर्ने।

**दरभाउपत्र फारम उपलब्ध मिति**: २०८३ साल भाद्र ५ गते देखि।

**दरभाउपत्र दाखिला अन्तिम मिति:** २०८३ साल भाद्र ११ गतेसम्म।

**दरभाउपत्र खोल्ने मिति:** २०८३ साल भाद्र १५ गते, अपरान्ह ११ बजे।

**दरभाउपत्र सम्बन्धी शर्तहरू:**

(क) दरभाउपत्र पेस गर्ने फर्म/व्यक्तिसँग नेपाल सरकार/सम्बन्धित निकायबाट प्राप्त मान्य इजाजतपत्र (ट्रान्सपोर्ट इजाजत) हुनु आवश्यक छ।

(ख) दरभाउपत्रदाताले प्रयोग गरिने सवारी साधनको वैधानिक दर्ता प्रमाणपत्र, ब्लु बुक र बीमाको प्रतिलिपि दरभाउपत्रसाथ संलग्न गर्नु पर्नेछ।

(ग) दरभाउपत्रको वैधता अवधि दरभाउपत्र दाखिलाको मितिदेखि ३० (तीस) दिनसम्म हुनेछ।

(घ) दर जिल्ला समन्वय समिति, रुपन्देहीको आ.व. २०८३/०८४ को स्वीकृत जिल्ला दररेट अनुसार वा सोभन्दा कम हुनु पर्नेछ। सोभन्दा बढी दर प्रस्ताव भएको दरभाउपत्र स्वतः अस्वीकृत हुनेछ।

२०८३/५/५

सहसचिव/कार्यालय प्रमुख

फोन नं. ००९७७-७१-४१०१७५, फ्याक्स नं. ४१०१७६
Phone: +977 71 410175 Fax: +977 71 410176, Email : nhrcbtl@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
लुम्बिनी प्रदेश कार्यालय Lumbini Province Office
बुटवल, रुपन्देही Butwal, Rupandehi

(ङ) ढुवानी सेवा सम्पन्न गरिसकेपछि मात्र भुक्तानी हुनेछ। भुक्तानी नेपाल सरकारको प्रचलित आर्थिक कार्यविधि बमोजिम हुनेछ।

(च) मालसामान ढुवानीको क्रममा कुनै क्षति भएमा सम्पूर्ण जिम्मेवारी ठेकेदारको हुनेछ।

(छ) कुनै एक वा सम्पूर्ण दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

(ज) सार्वजनिक खरिद अनुमगन कार्यालयको कालोसूचीमा परेका वा कुनै कारणले अयोग्य घोषित व्यक्ति/फर्म/संस्थाले दरभाउपत्र पेस गर्न पाउने छैनन्।

(झ) अन्य विषयको हकमा प्रचलित ऐन/कानुन अनुसार हुनेछ।

(ञ) थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**दरभाउपत्रसाथ पेस गर्नु पर्ने कागजातहरु:**

(क) फर्म/संस्थाको दर्ता प्रमाणपत्र र नवीकरणको प्रतिलिपि

(ख) कर चुक्ता प्रमाणपत्र तथा PAN/VAT दर्ता प्रमाणपत्र

(ग) ट्रान्सपोर्ट इजाजतपत्र (मान्य र नवीकरण गरिएको)

(घ) प्रयोग गरिने सवारी साधनको ब्लु बुक, बीमाको प्रमाणपत्र र वार्षिक पास

(ङ) स्वघोषणा-कालोसूचीमा नपरेको र खरिद कारबाहीमा प्रतिबन्ध नलागेको

(च) नागरिकताको प्रमाणित प्रतिलिपि (व्यक्तिको हकमा)

**दरभाउपत्र पेस गर्ने ठेगाना**

सिलबन्दी दरभाउपत्र राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीको प्रशासन शाखामा तोकिएको मितिसम्म पेस गर्नु पर्नेछ। समयसीमा पछि प्राप्त हुन आएका दरभाउपत्रहरू स्वीकार गरिनेछैन।

२०८२।१।१८

.....................
कार्यालय प्रमुख

सहसचिव/कार्यालय प्रमुख

फोन नं. ०७७-७१-४१०१७५, फ्याक्स नं. ४१०१७६
Phone: +977 71 410175 Fax: +977 71 410176, Email : nhrcbtl@nhrcnepal.org, Website: www.nhrcnepal.org